आर्थिक वर्ष २०७८/०७९
धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची - १५
(नियम २६ को उपनियम २ सँग सम्बन्धित वार्षिक प्रतिवेदन)

**१. सञ्चालक समितिको प्रतिवेदनः**
यस वार्षिक प्रतिवेदनमा संलग्न गरिएको छ ।

**२. लेखापरीक्षकको प्रतिवेदनः**
यस वार्षिक प्रतिवेदनमा संलग्न गरिएको छ ।

**३. लेखापरीक्षण भएको वित्तीय विवरणः**
यस वार्षिक प्रतिवेदनमा संलग्न गरिएको छ ।

**४. कानूनी कारवाही सम्बन्धी विवरणः**

**(क) यस अवधिमा संगठित संस्थाले वा संस्थाको विरूद्ध कुनै मुद्दा दायर भएको भएः**
आर्थिक वर्ष २०७८/०७९ मा बैंकले कर्जा असूली, आयकर तथा बैंकको सम्पत्तिसंग सम्बन्धित गरी १९ थान मुद्दाहरू दायर गरेको र बैंकका विरूद्ध ४९ थान मुद्दाहरू दायर भएको समेत गरी जम्मा ६८ थान मुद्दाहरू विभिन्न अदालतहरूमा रहेका छन् ।

**(ख) संगठित संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरूद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको भएः**
यस बैंकको जानकारीमा नभएको ।

**(ग) कुनै संस्थापक वा सञ्चालक विरूद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भएः**
यस बैंकको जानकारीमा नभएको ।

**५. संगठित संस्थाको शेयर कारोवार तथा प्रगतिको विश्लेषण :**

**(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणाः**
शेयर कारोबारमा हुने उतार चढाव खुल्ला बजारले निर्धारण गर्ने भएको हुँदा सोही मूल्य तथा मान्यता अनुरुप हुने गरेको ।

(ख) गत वर्षको प्रत्येक त्रैमासिक अवधिमा बैंकको शेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्यका साथै कूल कारोबार संख्या र कारोवार भएको दिन ।

| | पहिलो त्रैमासिक | दोश्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक |
|---|---|---|---|---|
| अधिकतम मूल्य | ५१७ | ४२७ | ३८७.६० | ३०५ |
| न्यूनतम मूल्य | ३९५ | ३२६ | २९० | २४० |
| अन्तिम मूल्य | ४१० | ३५३।४ | २९३ | २६१ |
| कारोवार संख्या | ५८,८५६ | २७,५७६ | २२,१०५ | १५,११८ |
| कारोवार दिन | ५७ | ५९ | ५८ | ६५ |

**६. समस्या तथा चुनौतीः**

**क) आन्तरिक समस्या तथा चुनौतीहरूः**
आम्दानीको तुलनामा खर्च बृद्धिलाई ब्यवस्थापन गर्न चुनौती, बैंकमा काम गरिरहेका कर्मचारीहरू अध्ययन तथा रोजगारीका लागि विदेशिने र अन्य बैंकहरूमा जाँदा सो स्थानहरूमा दक्ष मानव श्रोतको पूर्ती गर्नु, कारोवारमा भएको बृद्धिसंगै संचालन जोखिमलाई व्यवस्थापन गर्नु आदि आन्तरिक समस्याका साथै चुनौती रहेको ।

**ख) वाह्य समस्या तथा चुनौतीहरूः**
कोभिड -१९ को विश्वव्यापी महामारीले व्यापार व्यवसायमा प्रतिकुल असर परेको कारण कर्जा तथा व्याज समयमै असुली नहुनु, रसिया र युक्रेन युद्धका कारण पेट्रोलियम पदार्थ लगायतका अत्यावश्यक सामानको आपुर्तिमा समस्या भई मुल्य बृद्धि भएको,

सोचे अनुरूप विप्रेषण प्राप्त नहुनु, तरलतामा देखिएको चापको अवस्था, आयातमा बृद्धि भएको कारण विदेशी मुद्रा संचिति घट्दै गएको, बैकिङ्ग क्षेत्रमा बढ्दो अस्वस्थ प्रतिस्पर्धा आदिलाई बैंकले वाह्य समस्या तथा चुनौतीको रूपमा लिएको छ । यस्तो अवस्थामा बैंकको कर्जा सापटी तथा व्याजदरमा असर पर्न गई बैंकको कुल आम्दानीमा असर गर्ने र फलस्वरूप लाभांश वितरणमा समेत ह्रास आउने सम्भावना देखिन्छ ।

### ग) व्यवस्थापनद्वारा अवलम्बन गरेको रणनीतिः

बैंकको कर्जा असुली संयन्त्रलाई डिजिटलाइजेशन मार्फत प्रभावकारी बनाउदै लगिएको । प्रबिधिको प्रयोग गरि केही साना कर्जाहरूको प्रवाह गर्न थालिएको, निक्षेप संकलनका लागि वैकल्पिक श्रोत तर्फ केन्द्रित गरिएको, बैंकको आन्तरिक कार्य प्रणालीमा खर्च मितव्ययिता अपनाई निर्धारित लक्ष्य प्राप्त गर्ने रणनीति अवलम्बन गरेको, कर्जाको गुणस्तरलाई सुधार गर्दै उत्पादन मुलक क्षेत्रमा कर्जा लगानी बृद्धि गर्न साना तथा मझौला व्यवसाय, उर्जा, कृषि तथा लघुवित्त क्षेत्रमा लगानीको लागि बिशेष ध्यान दिएको । कोभिड –१९ का कारण असर परेका क्षेत्रहरूको पहिचान गर्दै जोखिम व्यवस्थापन गर्न आवश्यक रणनीति अवलम्बन गर्दै आईरहेको, समय सापेक्ष प्रविधिमा आधारित नयाँ सेवाहरूको विकास, बैंकमा रहेको जनशक्तिलाई दक्ष तथा सवल बनाउनको लागि बृति बिकास, प्राविधिक ज्ञान तथा तालिमको व्यवस्था, आदि ।

## ७. संस्थागत सुशासनः

संस्थागत सुशासन अभिबृद्धिका लागि व्यवस्थापनद्वारा चालिएका कदम सम्बन्धी विवरण :

(क) सञ्चालक समितिले स्वीकृत गरेका नीतिहरूलाई कार्यान्वयनमा ल्याईएको ।

(ख) व्यवस्थापन तहमा गठन गरिएको विभिन्न समितिहरू (जस्तैः सम्पत्ति तथा दायित्व व्यवस्थापन समिति, कर्मचारी पदपूर्ति समिति, कर्जा जोखिम ब्यवस्थापन समिति, आदी) ले आ-आफ्नो क्षेत्रमा कार्य गरेको ।

(ग) आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्न आन्तरीक लेखापरीक्षकबाट नियमित रूपमा लेखापरीक्षण गराई प्रतिवेदनमा दिइएको सुझावहरूको समीक्षा तथा कार्यान्वयन गराउन लेखापरीक्षण समितिको बैठक नियमित बस्ने गरेको र सोबाट प्राप्त निर्देशनहरूलाई कार्यान्वयनमा ल्याईने गरिएको ।

(घ) जोखिम ब्यवस्थापन समितिको बैठक नियमित रूपमा बस्ने गरेको र सो बैठकमा भार परीक्षण, नीति नियमहरूको पर्याप्तता, संचालन जोखिम जस्ता विषयहरूमा छलफल हुने गरेको र व्यवस्थापनलाई प्राप्त निर्देशनहरूलाई पालना गर्दै आएको ।

(ङ) सम्पत्ति शुद्धीकरण निवारणलाई प्रभावकारी बनाउनका लागि ग्राहक पहिचान पद्धतीलाई जोड दिँदै सो क्षेत्रसंग सम्बन्धित विषयबस्तुहरू उपर सम्पत्ति शुद्धीकरण निवारण समितिमा समेत समय समयमा छलफल हुने गरेको ।

(च) बैकिङ्ग कारोवारलाई व्यवस्थित गर्नका साथै संचालन जोखिमहरू न्यूनिकरण गर्न विभिन्न आन्तरिक नीति, नियम तथा निर्देशिकाहरू तर्जुमा गरि लागू गरिएको ।

(छ) सुशासन सम्बन्धमा नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्स्चेञ्ज लगायतका नियमनकारी निकायहरूबाट जारी निर्देशनहरू पूर्ण पालना गर्ने गरिएको ।

(ज) बैंक भित्र संस्थागत सुशासन कायम गराउने हेतुले संस्थागत सुशासन समितिको गठन गरिएको र सो सम्बन्धमा समय समयमा वैठकमा छलफल पश्चात भएका निर्णयहरूलाई कार्यान्वयन गरिएको । बैंकमा संस्थागत सुशासन कायम राख्नमा मुख्य जिम्मेवारी प्रमुख कार्यकारी अधिकृतलाई दिईएको ।